(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

| | | |
|---|---|---|
| | | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | | २०३९।७।३ |
| <u>संशोधन गर्ने ऐन</u> | | |
| १ | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| २. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ३. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६🠸 | २०६६।१०।७ |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ५. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

०३९ सालको ऐन नं. १२

[2]................

<u>राष्ट्रिय प्रकृति संरक्षण कोषको व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u>: प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

---

🠸 यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय प्रकृति संरक्षण कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य र सदस्य–सचिव" भन्नाले कोषको सदस्य सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>कोषको स्थापनाः</u> (१) राष्ट्रिय प्रकृति संरक्षण कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(३) कोषको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(५) कोषले व्यक्ति सरह नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

⊕४. <u>संरक्षकः</u> प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

५. <u>सञ्चालक समितिको गठनः</u> कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्न देहाय बमोजिमको सञ्चालक समिति गठन हुनेछः–

(क) संरक्षकबाट मनोनीत व्यक्ति एकजना – अध्यक्ष

⊕ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(ख) अध्यक्षबाट मनोनीत नेपाल सरकारको सचिवहरु मध्येबाट तीनजना –सदस्य

(ग) अध्यक्षबाट मनोनीत नेपाल सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधिहरुमध्येबाट तीनजना –सदस्य

(घ) अध्यक्षबाट मनोनीत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट चारजना –सदस्य

(ङ) अध्यक्षबाट मनोनीत कोषको लागि उपयुक्त ठानेका व्यक्तिहरु तीनजना –सदस्य

(छ) अध्यक्षबाट मनोनीत व्यक्ति एकजना –सदस्य–सचिव

६. <u>पदावधिः</u> (१) अध्यक्ष तथा सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(२) अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएपछि निजहरु दफा ५ बमोजिम पुनः मनोनीत हुन सक्नेछन् ।

(३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ५ बमोजिम अध्यक्ष वा सदस्य मनोनीत हुनेछ ।

⊕(४) अध्यक्ष वा सदस्यले राजीनामा गरेमा निजहरु आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(५) आफ्नो कर्तव्य सुचारु रुपले पालन नगर्ने सदस्यलाई अध्यक्षबाट जुनसुकै बखतमा हटाउन सक्नेछ ।

७. <u>पारिश्रमिकः</u> समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

---

⊕ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्धारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

८. <u>समितिको बैठक:</u> (१) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउनेछ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको कुनै सदस्यले अध्यक्षता गर्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नु भन्दा साधारणतया एक महिना अगावै दिनु पर्नेछ ।

(३) छ जना सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) साधारणतया समितिको बैठक वर्षको एकपटक बस्नेछ ।

(६) बैठकको निर्णय सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकमा अपनाइने अन्य कार्यविधि समितिले आफै व्यवस्थित गर्न सक्नेछ ।

९. <u>कोषको काम र कर्तव्य:</u> कोषको काम र कर्तव्य देहाय बमोजिम हुनेछः–

(क) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्ने,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने,

(ग) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

१०. <u>कोषको अधिकार:</u> कोषको अधिकार देहाय बमोजिम हुनेछः–

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदासँग सम्बन्धित विदेशी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क राख्ने ।

(ग) विदेशी संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था मार्फत चन्दा सङ्कलन गर्ने गराउने ।

(घ) कोषको हितको लागि अन्य आवश्यक काम गर्ने ।

११. उपसमिति गठन गर्न सक्ने: (१) कोषले आफ्नो काम कारबाहीको निमित्त आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. कोषः (१) कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क) नेपाल सरकारले प्रदान गरेको रकम,

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै बैङ्कमा कोषको नाउँमा जम्मा गरिनेछ ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण: (१) कोषको आय–व्ययको लेखा तोकिए बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१४. मुद्दा हेर्ने अधिकारीः कोष वादी वा प्रतिवादी भएको कुनै मुद्दा वा यो ऐन अन्तर्गतको कुनै मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार उच्च अदालतलाई हुनेछ ।

१५. अधिकार प्रत्यायोजनः समितिले आफ्नो केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिको परामर्श लिई नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१७. विनियम बनाउने अधिकारः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी कोषले आवश्यक विनियमहरु बनाउन सक्नेछ र त्यस्तो विनियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८. नेपाल सरकारसँग सम्पर्कः कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा ॥वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत राख्नेछ ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

---

॥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

दृष्टव्यः- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

(क) "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(ख) "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष" को सट्टा "राष्ट्रिय प्रकृति संरक्षण कोष" ।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

*(मिति २०८१।११।१९ गते अद्यावधिक गरेको)*